# जिल्ला शिक्षा कार्यालय, मनाङ

## द्वारा प्रकाशित प्रथम चौमासिक बुलेटिन

वर्ष : १ अङ्क : १ २०७३ कार्तिक



**सम्पादक मण्डल**

शिवप्रसाद ढुंगाना (वि.नि.)
राजु अधिकारी (ना.सु.)
पहलसिंह थापा (ले.पा.)
कविता आचार्य (प्रा.स.)
हेमराज साह (खरिदार)

**सल्लाहकारहरु:**

देवकुमार बराल (जि.शि.अ.)
खुलानाथ गौतम (शा.अ.)



**प्रकाशक:**

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
**जिल्ला शिक्षा कार्यालय**
मनाङ

**कम्प्युटर सेटिङ्ग**
लिङ्क कम्प्युटर, ९८४५०४६७४४


## सम्पादकीय .....

सूचना प्रवाह गर्नु प्रत्येक सार्वजनिक निकायको दायित्व हो । सूचनामा सरोकारवाला पक्षको पहुँचले पारदर्शिता प्रवर्द्धन गर्नुको साथै अनियमिततालाई कम गर्न मद्दत गर्दछ । शिक्षा सार्वजनिक सरोकारको विषय हुनुको साथै नागरिकको मौलिक हक समेत भएको सन्दर्भमा यसलाई जनताको आकाङ्क्षा, अपेक्षा र भरोसालाई प्रतिविम्बित गर्ने गरी सञ्चालन र व्यवस्थापन गर्नु आवश्यक हुन्छ । शिक्षालाई नागरिकको मानव अधिकारका रुपमा स्थापित गर्नु तथा शैक्षिक क्षेत्रबाट प्रवाह गरिने सेवामा पारदर्शिता, जवाफदेहिता, नियमितता एवम् सुशासन कायम गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु आजको आवश्यकता हो । शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने निकायहरू बीचको समन्वय, सहकार्य, साझेदारीता र सामूहिक प्रतिवद्धताबाट मात्र अपेक्षित नतिजा प्राप्त गर्न सकिन्छ । यसको लागि शिक्षा क्षेत्रसँग सम्बन्धित निकायबाट सम्पादन गरिएका कार्यहरूका सम्बन्धमा सरोकारबाला सबैलाई सुसूचित गराउन यस प्रकारका बुलेटिनको भूमिका रहन्छ । यसै तथ्यलाई मध्यनजर गरी जिल्ला शिक्षा कार्यालय मनाङले यस आ.व. देखि बुलेटिन प्रकाशन गर्न लागेको छ । प्रस्तुत बुलेटिनलाई अझ बढी परिस्कृत, परिमार्जित र बहुउपयोगी बनाउन सम्बद्ध सबै पक्षबाट रचनात्मक सुझाव एवम् सहयोगको सधैं अपेक्षा गरिएको छ ।

### यस अङ्कभित्र


- ⇨ विद्यालयमा गएका रकमको शीर्षकगत खर्च गर्ने आधारहरू
- ⇨ २७ वटै सामुदायिक विद्यालयहरूलाई जिल्ला शिक्षा कार्यालय मनाङको सूचना
- ⇨ शिक्षक कर्मचारीहरूको माग फाराम पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरू
- ⇨ विद्यालय सुशासनको आवश्यकता
- ⇨ सफलताका सूत्र

# विद्यालयमा गएका रकमको शीर्षकगत खर्च गर्ने आधारहरू

विद्यालयमा विभिन्न शीर्षकमा निकासा गरिएको रकमहरू शिक्षा विभागद्वारा विनियोजित वजेट तथा कार्यक्रमको आधारमा निकासा गरिएको हुन्छ। त्यसकारण वजेट खर्चगर्दा आर्थिक ऐन नियम, शिक्षा ऐन नियमावली तथा शिक्षा विभागका निर्देशन, कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार बजेट खर्च गर्नुपर्ने छ। अन्यथा खर्च गरिएको रकम बेरुजु भै खर्च गर्ने स्वयं जिम्मेवार हुनु तथा तिर्नुपर्ने छ। रकम खर्च गर्ने क्रममा कुनै द्विविधा भएमा सम्बन्धित स्रोतव्यक्ति, विद्यालय निरीक्षक र जिल्ला शिक्षा कार्यालयसँग सम्पर्क राखी स्पष्ट हुन सकिनेछ। रकम खर्च गर्ने आधार तथा प्रक्रियाहरू निम्नानुसार छन् :

**प्रारम्भिक बाल शिक्षाका बाल शिक्षा शिक्षकहरूको पारिश्रमिक**

१. विद्यालय र विद्यालयसँग मातृ सम्बन्ध संथापना गरी सञ्चालित प्रारम्भिक बाल शिक्षा शिक्षकको पारिश्रमिक प्रति महिना ६,०००।- का दरले १३ महिनाको रकम विद्यालयको खातामा निकाशा हुने। पारिश्रमिक निकाशा हुँदा सम्बन्धित विद्यालयको हाजिर प्रमाणित र सिफारिस अनिवार्यरूपमा पेश गर्नु पर्ने।

**१.१ प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक कक्षाका लागि अनुदान**

प्रारम्भिक बाल शिक्षाका लागि शैक्षिक सामग्री, बालमैत्री कक्षा व्यबस्थापन गर्नका लागि प्रति विद्यार्थी वार्षिक रू. ५००।- का दरले प्रारम्भिक बाल शिक्षा कक्षालाई एकमुष्ठ अनुदान निकाशा हुने। उक्त रकमबाट प्रारम्भिक बाल शिक्षा व्यवस्थापन समितिको निर्णय अनुरूप प्रारम्भिक बाल शिक्षाका लागिमात्र खर्च गर्ने गरी बाल शिक्षा शिक्षकको राय सुझाव प्रारम्भिक बाल शिक्षाको राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्रीहरू जस्तैः ब्लक, पुतली, नरम खेलौना, नरम बल, रिङ, पजल आदि खरिद गर्ने र स्रोतकेन्द्र मार्फत् जिशिकामा जानकारी दिने। खरिद गरिएका बाल सिकाइ सामग्रीको सूची सबैले देख्ने गरी बाल शिक्षा कक्षामा टाँस्नुपर्ने छ।

२. **विद्यालयलाई पि.सी.एफ.का आधारमा Non Salary अनुदान:**

आधारभूत तह कक्षा १-५ प्रति विद्यार्थी रू. १५०।- आधारभूत तह कक्षा ६-८ प्रति विद्यार्थी रू. २००।-, मावि तह कक्षा ९-१० मा प्रति विद्यार्थी रु २०० का दर ले र मावि तह कक्षा ११-१२ मा प्रति विद्यार्थी रु २५०। का दरले रकम उपलव्ध हुने। प्रत्येक सामुदायिक विद्यालयहरूले विद्यार्थी संख्याको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री, विद्यालयको शिक्षाको गुणस्तर सुधार, सामान्य मर्मत संभारमा खर्च तथा PMEC को Book corner सिकाइ सामग्री लगायतका क्षेत्रमा खर्च गर्न सक्ने।

३. **विद्यालय सञ्चालन मसलन्द खर्चः**

सामुदायिक आधारभूत तह १-५ का लागि रू. १५,०००।-, आधारभूत तह (१-८ तथा ६-८ लागि रू. २०,०००।- तथा मावि तह कक्षा ९-१० का लागि रू. २५,०००। र मावि तह कक्षा ११-१२ को लागि रू. ३०,०००।- रकम विद्यालयलाई निकासा हुने। यस कार्यक्रमबाट विद्यालय सञ्चालन व्यबस्थापनका लागि पठाइने एकमुष्ठ सञ्चालन मसलन्दबाट गरिने कार्यहरूको कार्ययोजना र बजेट आ.व. को शुरुमा (अनुदान प्राप्त भए पछि) विद्यालय व्यबस्थान समितिको निर्णबाट स्वीकृत गराइ कार्यान्वयन र खर्च गर्ने। Flash फाराम नभरेका विद्यालयलाई यस प्रकारको अनुदान उपलब्ध नहुने।

४. **विद्यालय कर्मचारी व्यवस्थापन** अनुदान निम्नानुसार उपलब्ध हुनेछ।

**४.१ आधारभुत विद्यालय १-८**

- कक्षा १-२ सम्म चलेका विद्यायलाई १ जना विद्यालय सहयोगीको लागि वार्षिक रू. २६,०००।- परिश्रमिक अनुदान।
- कक्षा १-३ सम्म चलेका विद्यायलाई १ जना विद्यालय सहयोगीको लागि मासिक रू. ४,०००।- का दरले १३ महिनाको बराबरको परिश्रमिक अनुदान।

- कक्षा १-५ सम्म चलेका विद्यायलाई १ जना विद्यालय सहयोगीको लागिं मासिक रू. ४,५००।- का दरले १३ महिनाको बराबरको परिश्रमिक अनुदान ।
- कक्षा १-८ सम्म चलेका विद्यायलाई १ जना विद्यालय सहयोगीको लागि मासिक रू. ७,५००।- का दरले १३ महिनाको बराबरको परिश्रमिक अनुदान ।

४.२ **विद्यालय कर्मचारी व्यवस्थापन अनुदान** माध्यमिक विद्यालय कक्षा १-१० (१ जना सहयोगी र १ जना कक्षा १० सम्म अध्ययन गरेको सहायक कर्मचारी)

क) कक्षा १-१० सम्म चलेका माध्यमिक विद्यायमा १ जना विद्यालय सहयोगीको लागि मासिक रू. ७५,००।- का दरले १३ महिना बराबरको परिश्रमिक अनुदान ।

ख) कक्षा १-१० संम्म चलेका माध्यमिक विद्यायमा १ जना विद्यालय सहायक कर्मचारीको लागि मासिक रू. ११,५००।- का दरले १३ महिनाको बराबरको परिश्रमिक अनुदान ।

४.३ **विद्यालय कर्मचारी व्यवस्थापन अनुदान माध्यमिक** विद्यालय कक्षा १-१२ (१ जना सहयोगी र १ जना कक्षा १० सम्म अध्ययन गरेको सहायक कर्मचारी)

क) कक्षा १-१२ सम्म चलेका माध्यमिक विद्यायमा १ जना विद्यालय सहयोगीको लागि मासिक रू. ७,५००।- का दरले १३ महिनाको बराबरको पारिश्रमिक अनुदान ।

ख) कक्षा १-१२ सम्म चलेका माध्यमिक विद्यायमा १ जना विद्यालय सहायक कर्मचारीको लागि मासिक रू. ११,५००।- का दरले १३ महिनाको बराबरको परिश्रमिक अनुदान ।

यसमा विनियोजित बजेट विद्यालय कर्मचारी बाहेक अन्य शीर्षकमा खर्च गर्न पाइने छैन ।

५. **आधारभूत तह तथा माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई सामाजकि परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथयांक व्यबस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ट अनुदानः**

आधारभूत तह (कक्षा १–५, १–८) सञ्चालित प्रति विद्यालय रू. ८,०००।– का दरले र माध्यमिक तह (कक्षा १–१०, १–१२) प्रति विद्यालय रू. ११,०००।– का दरले निकाशा हुने । सामुदायिक विद्यालय साथै संस्थागत विद्यालयहरूले आफ्नो स्रोतबाट लेखापरीक्षण गराई पारदर्शिता, जवाफदेहिता र विद्यालयमा हुनु पर्ने सबै प्रकारका तथ्यांक एवं सूचनाहरूको व्यबस्थापन गर्नु पर्नेछ ।

६. **आधारंभूत तह तथा माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई विद्यालय सुधार योजना, समुदाय तथा वि.व्य.स. हरूको क्षमता विकासका लागि अन्तर्क्रिया, अभिभावक शिक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन आदिको लागि एकमुष्ट अनुदानः**

आधारभूत तह सञ्चालित प्रति विद्यालय रू. १०,०००।– का दरले र माध्यमिक तह प्रति विद्यालय रू. २०,०००।– का दरले निकाशा हुने । यस प्रकारको अनुदान विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७१ बमोजिम SIP निर्माण तथा अद्यावधिक गरेका विद्यालयलाई मात्र उपलब्ध हुने । यस रकमबाट सरोकारबालाहरूको सहभागितामा विद्यालय सुधार योजनाका आधारमा तयार गरिएको वार्षिक कार्यान्वयन योजना अनुसारको प्रगति चौमासिक रूपमा समिक्षा गर्ने । वि.व्य.स., शि.अ.सं.,अभिभावक, शिक्षक, विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्न क्षमता विकासका क्रियाकलाप तथा विद्यार्थी प्रतिभा विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

७. **कक्षा १–८ मा अध्ययनरत दलित विद्यार्थीका लागि छात्रवृत्तिः**

आधारभूत तहमा अध्ययनरत सम्पूण दलित विद्यार्थीहरूलाई विद्यालय व्यवस्थापन समितिले जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिको निदर्शन एवम आधार हरूलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक संघ समेतको सहभागिता एवम् संलग्नतामा विद्यालयमा उपलब्ध छात्रवृत्ति मध्येबाट विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरू तय गरी छात्रवृत्ति पाउने बालवालिकाहरूको नामावली छनौट गर्ने र सो नामावली विद्यालयको सचूना पाटीमा अनिवार्य रूपमा टाँस्न लगाउने । यो छात्रवृत्ति अन्य कुनै किसिमको छात्रवृत्ति नपाएका र छात्रवृत्ति वितरण गर्दाको समयमा विद्यालय खुलेको दिनको

कम्तिमा ८० प्रतिशत हाजिर भएका छात्रछात्राहरूलाई मात्र दोहोरो नपर्ने गरी अभिभावक तथा जिशिकाको प्रतिनिधिको रोहवरमा [redacted] छात्रवृत्ति वितरण गर्ने गराउने व्यवस्था मिलाउने र साको नामनामेसी विवरण जिशिकामा पठाउने ।

**८. कक्षा १–८ मा अध्ययनरत छात्राहरूका लागि छात्रवृत्तिः**

आधारभूत तहमा अध्ययनरत सम्पूण छात्राहरूलाई सि.नं. ७ को आधारमा छात्रवृत्ति वितरण गर्ने ।

**९. अपांगता भएका विद्यार्थीका लागि छात्रवृत्तिः**

अपांगताको आधारमा कक्षा १–१० सम्म अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति रकम सम्बन्धित अभिभावक वा स्रोतकक्षा व्यवस्थापन समितिको रोहवरमा विद्यालयले बुझाउने । वितरण प्रक्रिया यस प्रकार छन् :

**क) आवासीय छात्रवृत्तिः**

आफ्नो घरबाट दैनिक आवत-जावत गर्न नसक्ने एवं अध्ययनका लागि डेरा गरी बस्नु पर्ने गरीव अपांगता बालवालिकाहरूलाई प्रति महिना रू. ४,०००।- का दरले १० महिनाका लागि रू. ४०,०००।- दरले निकासा हुने ।

**ख) सहयोगी सहायता सेवा छात्रवृत्तिः**

घरबाट आउँदा-जाँदा र विद्यालयमा रहँदा निरन्तर रूपमा अरुको सहयोग र साधन आवश्यक पर्ने अपांगता बालवालिकाहरूलाई प्रति विद्यार्थी प्रति महिना रू. ५००।- का दरले १० महिनाका लागि रू. ५,०००। दरले निकासा हुने ।

**ग) यातायात सेवा छात्रवृत्तिः**

घरबाट आउँदा-जाँदा यातायातका साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपांगता बालबालिकाहरूलाई प्रति विद्यार्थी प्रति महिना रू. ३००।- का दरले १० महिनाका लागि रू. ३,०००।- का दरले निकासा हुने ।

**घ) शैक्षिक सहायता छात्रवृत्तिः**

घरबाट आउँन जान सक्ने सामान्य अपांग बालबालिकाहरूलाई प्रति विद्यार्थी प्रति महिना रू. १००।- का दरले १० महिनाका लागि रू. १,०००।- का दरले निकासा हुने । छात्रवृत्ति वितरण गर्दा अपांगता परिचय-पत्र अनिवार्य रूपले पेश गरेको हुनु पर्नेछ ।

**१०. द्वन्द्वपीडित छात्रवृत्ति गैर आवासीयः**

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि २०६६ (संशोधन सहित) गर्ने गराउने । कक्षा १ देखि कक्षा १२ सम्म अध्ययनरत छात्रछात्राहरूलाई वार्षिक प्रावि तहको १० हजार, निमावि तहको रू. १२ हजार, मावि तहको रू. १४ हजार र उच्च मावि तहको रू. १६ हजार रूपैयाँका दरले सम्बन्धित विद्यार्थीको नाममा बैंक खातामा रकम प्राप्त हुने भएकोले अध्ययनरत विद्यार्थीहरूको कक्षा समेत उल्लेख गरी नामनामेसी विवरण पठाउनुपर्ने ।

**११. माध्यमिक शिक्षा छात्रवृत्तिः**

यो छात्रवृत्ति (कक्षा ९–१०) मा भर्ना भई अध्ययनरत छात्रछात्रालाई उपलब्ध गराइने । कुनै कक्षामा एकपटक छात्रवृत्ति पाइसकेको विद्यार्थीलाई कक्षा १० सम्म छात्रवृत्ति निरन्तर रूपमा दिनुपर्ने तर छात्रवृत्ति उपलब्ध गराउँदा विद्यालयमा नियमित हाजिरी र कक्षा उत्तीर्ण नहुने विद्यार्थीलाई निरन्तरता नदिने । छात्रवृत्ति पाउने मध्ये दुई तिहाइ छात्राहरू अनिवार्य रूपमा हुनु पर्ने । कोटा रिक्त भएमा वा कक्षा १० उत्तीर्ण भए पछि उक्त कोटामा नयाँ विद्यार्थी छनौट गर्दा कक्षा ८ मा आर्थिक रूपले विपन्न, सामाजिक रूपमा पछाडि परेका समुदायका परिवारका बालबालिकाहरूलाई प्राथमिकता दिई छनौट गर्ने । छात्रवृत्तिको रकम वार्षिक रू. १,७००।- हुने ।

**१२. दलित छात्रवृत्ति (कक्षा ९–१०) गैर आवासीयः**

(कक्षा ९–१०) मा भर्ना भई अध्ययनरत दलित छात्रछात्राहरूलाई उपलब्ध हुने । कुनै कक्षामा एकपटक छात्रवृत्ति पाइसकेको विद्यार्थीलाई कक्षा १० सम्म छात्रवृत्ति निरन्तर रूपमा दिनुपर्ने । छात्रवृत्तिको रकम वार्षिक रू. ५००।- हुने ।

**१३. सामुदायिक अध्ययन केन्द्रको सञ्चालनः**

प्रत्येक सामुदायिक अध्ययन केन्द्र सञ्चालनको लागि वार्षिक रू. १००,०००।– निकाशा दिने । नियमित रूपमा चलेका सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिले

गरेको सिफारिसको निर्णय र सम्बन्धित क्षेत्रका स्रोतव्यक्तिले गरेको हाजिर प्रमाण प्राप्त भएपछि जि.शि.का. ले रकम निकाशा दिने सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको निर्णयानुसार सामुदायिक परिचालिकाका लागि न्यूनतम १२ महिनाको लागि रू. ६,२००।- का दरले १२ महिना बराबरको पारिश्रमिक भुक्तानी गर्ने । बाँकी र कमबाट सिकाइ केन्द्रको पुस्तकालय व्यवस्थापन, पत्र-पत्रिका र अन्य कार्यालय सञ्चालनका लागि आवश्यक सामग्री व्यवस्थापन गर्ने । साथै सामाजिक तथा कानुनी लेखा परीक्षण गराइ राख्ने र सोको जानकारी जिशिकामा पठाउने ।

## २७ वटै सामुदायिक विद्यालयहरुलाई जिल्ला शिक्षा कार्यालय मनाङको सूचना

- शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन निर्देशिका ०७३/०७४ बमोजिम सबै विद्यालयहरूले शिक्षक, बाल कक्षाका शिक्षक तथा विद्यालय कर्मचारीहरूको तलब भत्ता बैंक मार्फत् अनिवार्य रूपले भुक्तानी दिने व्यवस्था गर्ने र निजहरूको खाता नं. यस कार्यालयमा पठाउनु हुन अनुरोध छ ।
- **शिक्षक कर्मचारीहरूको माग फाराम पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरू**
  १. अघिल्लो चौमासकिको तलब भत्ता बुझेको भरपाई
  २. संचयकोष दाखिला गरेको भौचरको प्रतिलिपी
  ३. करकट्टी, वीमा, नागरिक लगानीकोष, दाखिला गरेको शिक्षको नाम नामेशी सहितको विवरण
  ४. शिक्षक, कर्मचारी र बाल शिक्षाका शिक्षकहरूको हाजिरी प्रमाणित विवरण
- विद्यालय कर्मचारीहरूको विवरण स्रोतकेन्द्रमार्फत तपसीलको ढाँचामा बझाउनु हुन ।
- विद्यालयहरूले तोकिएको समयमा सामाजिक परीक्षण तथा लेखापरीक्षण अनिवार्य रूपमा गराइ प्रतिवेदन पेश गर्नहुन ।
- तोकिएको शीर्षकमा बाहेक अन्य शीर्षकमा रकम खर्च नगर्न हुन ।
- कुनै शीर्षकमा भुलबस रकम बढी निकाशा भएमा जिल्ला शिक्षा कार्यालयलाई जानकारी गराइ रकम फिर्ता गर्न हुन ।

| क्र.सं. | विद्यालय कर्मचारीको नाम थर | ठेगाना | शैक्षिक योग्यता | स्थायी/ अस्थायी /करार | निर्णय मिति | नियुक्ति मिति | ६० वर्ष उमेर पुग्ने मिति | नियुक्ति गर्ने संस्था वा निकाय | खाइपाइ आएको तलब भत्ता |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

| आ.व. ०७३।०७४ प्रथम चौमासिकमा शिक्षकहरूको तलब भत्ता निकासा आधारभूत तह | | | | | |
|---|---|---|---|---|---|
| सि.न. | विद्यालयको नाम | खाता.न. | दरबन्दीमा कार्यरत शिक्षकको | अनुदान कोटा | जम्मा |
| १ | श्री प्रकाशज्योति उ.मा.वि.थो+चे | ५२ | १५२४९५६।२० | १२१५००।०० | १६४६४५६।२० |
| २ | श्री पिसाङ प्रा.वि. पिसाङ | ८७ | ८८५११०।६० | ०।०० | ८८५११०।६० |
| ३ | श्री अन्नपूर्ण मा.वि. मनाङ | ८८ | १८८०६६३।६० | ०।०० | १८८०६६३।६० |
| ४ | श्री तिलिचो नि.मा.वि. खाङ्सा | ८९ | ८१७१०२।४० | ०।०० | ८१७१०२।४० |
| ५ | श्री जनविकास नि.मा.वि. ताचै | ९० | १६३८५२९।०० | ०।०० | १६३८५२९।०० |
| ६ | श्री ङावल नि.मा.वि. ङावल | ९१ | १४१६७६४।६० | ०।०० | १४१६७६४।६० |
| ७ | श्री भ्राका प्रा.वि. भ्राका | ९२ | ८३१०८९।६० | ०।०० | ८३१०८९।६० |
| ८ | श्री ध्यारु प्रा.वि ध्यारु | ९३ | ४७८१२४।६० | ०।०० | ४७८१२४।६० |
| ९ | श्री टङ्की प्रा.वि. टङ्की मनाङ | ९४ | ४६८१०८।२० | ०।०० | ४६८१०८।२० |
| १० | श्री लोकप्रिय उ.मा.वि. चामे | ९५ | १५०१७८७।०० | ०।०० | १५०१७८७।०० |
| ११ | श्री दिनदयालु नि.मा.वि. थान्चोक | ९६ | १७९७८७०।४० | ०।०० | १७९७८७०।४० |
| १२ | श्री नार नि.मा.वि. नार | ९७ | ११०९८४७।८० | ०।०० | ११०९८४७।८० |
| १३ | श्री सरुस्वति प्रा.वि. ओडँर | ९८ | ९७२५८२।२० | ०।०० | ९७२५८२।२० |

| सि.न. | विद्यालयको नाम | खाता.न. | दरबन्दीमा कार्यरत शिक्षकको | अनुदान कोटा | जम्मा |
|---|---|---|---|---|---|
| १४ | श्री मनसुरी नि.मा.वि. नाचै | ९९ | १३१०७५२।४० | ०।०० | १३१०७५२।४० |
| १५ | श्री फू. प्रा.वि .फू. | १०० | ४६८०६७।२० | ०।०० | ४६८०६७।२० |
| १६ | श्री भानु मा.वि. ताल | १०१ | २००६८२०।०० | ०।०० | २००६८२०।०० |
| १७ | श्री पशुपति नि.मा.वि.वगरछाप | १०२ | ९९९११३।०० | ०।०० | ९९९११३।०० |
| १८ | श्री हि.म.ज्योति नि.मा.वि.तिल्चे | १०३ | १५३०३०३।८० | ०।०० | १५३०३०३।८० |
| १९ | श्री विश्वशान्ति प्रा.वि. कोतो | १५६ | ६५८०६३।६० | ११४८५०।०० | ७७२९१३।६० |
| २० | श्री धारापानी प्रा.वि. धारापानी | १६१ | ६३८९५३।२० | ०।०० | ६३८९५३।२० |
| २१ | श्री हुम्डे नि.मा.वि. हुम्डे | १६७ | १३८५९०७।८० | ०।०० | १३८५९०७।८० |
| २२ | श्री लालीगुराँस प्रा.वि तलेखु | १७९ | ५२८७४३।६० | ०।०० | ५२८७४३।६० |
| २३ | श्री अमर प्रा.वि. घेराङ | १८० | ७६००६९।६० | ११४८५०।०० | ८७४९१९।६० |
| २४ | श्री ज्ञानोदय प्रा.वि. दानाक्यू | २७८ | ६६२०५४।२० | ०।०० | ६६२०५४।२० |
| २५ | श्री मर्स्याङदी प्रा.वि खोत्रो | २९७ | ६४२७०६।२० | ०।०० | ६४२७०६।२० |
| २६ | श्री बालमन्दिर प्रा.वि. चामे | ३५० | ६००८८९।२० | ०।०० | ६००८८९।२० |
| २७ | श्री गौरीशङ्कर नि.मा.वि. तिमाङ | ३९२ | ७६०२६३।८० | ०।०० | ७६०२६३।८० |
| | जम्मा रू. | | २८२७५२४३।८० | ३५१२००।०० | २८६२६४४३।८० |

## शिक्षकहरूको प्रथम चौमासिक तलब भत्ता निकासा माध्यमिक तह

| सि.न. | विद्यालयको नाम | खाता.नं. | दरबन्दीमा कार्यरत शिक्षकको | अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| १ | श्री प्रकाशज्योति उ.मा.वि.थोंचे | ५२ | १२९२८८१।९९ | ३५०२००।०० | १६४३०८१।९९ |
| २ | श्री अन्नपूर्ण मा.वि. मनाङ | ८८ | १४१७८४९।८० | ०।०० | १४१७८४९।८० |
| ३ | श्री लोकप्रिय उ.मा.वि. चामे | ९५ | १३८६६९९।०० | ३५०२००।०० | १७३६८९९।०० |
| ४ | श्री भानु मा.वि. ताल | १०१ | ७२६०६२।६० | १५६५००।०० | ८८२५६२।६० |
| | जम्मा रू. | | ४८२३४९३।३९ | ८५६९००।०० | ५६८०३९३।३९ |

## जिल्ला शिक्षा कार्यालय मनाङद्वारा गरिएको घरधुरी सर्वेक्षण पश्चात् गा.वि.स. बाट प्रमाणित भइ आएको साक्षरता सम्बन्धी तालिकीकरण तथ्यांक २०७३

| क्र.सं. | गा.वि.स | ६०+वर्ष उमेर समूह साक्षर म | ६०+वर्ष उमेर समूह साक्षर पु | ६०+वर्ष उमेर समूह निरक्षर म | ६०+वर्ष उमेर समूह निरक्षर पु | १५-६० वर्ष उमेर समूह साक्षर म | १५-६० वर्ष उमेर समूह साक्षर पु | १५-६० वर्ष उमेर समूह निरक्षर म | १५-६० वर्ष उमेर समूह निरक्षर पु | जम्मा जनसंख्या म | जम्मा जनसंख्या पू | जम्मा जनसंख्या जम्मा | १५-६० वर्षको जनसंख्या | १५-६०वर्षको निरक्षर प्रतिशत | १५-६० वर्षको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | खाङसार | ४ | ९ | १८ | ११ | ६७ | ८४ | ५ | २ | १०२ | १२४ | २२६ | १५८ | ४.४ | ९५.६ |
| २ | टंकीमनाङ | ५ | ४ | १३ | १० | ८४ | ७६ | १ | १ | १२२ | १०४ | २२६ | १६२ | १.२ | ९८.८ |
| ३ | मनाङ | १० | १२ | २० | ८ | १७० | १२७ | ३ | ४ | २२९ | १८३ | ४१२ | ३०४ | २.३ | ९७.७ |
| ४ | भ्राका | १ | ३ | ८ | ० | ६५ | ७१ | ४ | ३ | १११ | १०९ | २२० | १४३ | ४.९ | ९५.१ |
| ५ | ङावल | १४ | १६ | १७ | ३ | ७० | ८१ | २ | २ | १२० | ११९ | २३९ | १५५ | २.६ | ९७.४ |
| ६ | घ्यारु | ६ | २ | ८ | ४ | ३० | ३२ | ० | ० | ६२ | ५२ | ११४ | ६२ | ०.० | १००.० |
| ७ | पिसाङ | ८ | ९ | २५ | १४ | ११४ | १२३ | २ | ० | १८४ | १८४ | ३६८ | २३९ | ०.८ | ९९.२ |
| ८ | चामे | ३१ | ३१ | १७ | १० | ३८२ | ३८५ | २७ | ९ | ६१३ | ५९० | १२०३ | ८०३ | ४.५ | ९५.५ |
| ९ | नार | १० | ९ | १२ | ४ | १२९ | १०८ | ४ | १ | १८० | १५६ | ३३६ | २४२ | २.१ | ९७.९ |
| १० | फू | १ | २ | ९ | ५ | ५२ | ५४ | २ | १ | ८२ | ७८ | १६० | १०९ | २.८ | ९७.२ |
| ११ | धारापानी | ४२ | ५१ | २० | १९ | ३७१ | ४०० | १४ | १० | ५७५ | ५९३ | ११६८ | ७९५ | ३.० | ९७.० |
| १२ | थोचे | २३ | १८ | १५ | ८ | १३४ | १३० | ५ | ० | २१८ | १९८ | ४१६ | २६९ | १.९ | ९८.१ |
| १३ | ताचै बगरछाप | २० | २३ | १९ | ९ | १७६ | १८८ | १३ | ३ | ३०२ | २८८ | ५९० | ३८० | ४.२ | ९५.८ |
| जम्मा | | १७५ | १८९ | २०१ | १०५ | १८४४ | १८५९ | ८२ | ३६ | २९०० | २७७८ | ५६७८ | ३८२१ | ३.१ | ९६.९ |

## आ.व. ०७३।०७४ मा माध्यमिक शिक्षा क्षेत्र विकास कायक्रमको प्रथम चौमासिक निकाशा

| सि.न. | विद्यालयको नाम | खाता.न. | बालविकास केन्द्र स.का.पारिश्रमिक | विद्यालय कर्मचारी | विद्यालय सहयोगी | खुला विद्यालय अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | श्री प्रकाशज्योति उ.मा.वि. थोंचे | ५२ | ३०००० | ५७५०० | ३७५०० | ० | १२५००० |
| २ | श्री पिसाङ प्रा.वि पिसाङ | ८७ | ३०००० | | २२५०० | ० | ५२५०० |
| ३ | श्री अन्नपूर्ण मा.वि. मनाङ | ८८ | ३०००० | ५७५०० | ३७५०० | ० | १२५००० |
| ४ | श्री तिलिचो नि.मा.वि. खाङ्सार | ८९ | ३०००० | | २२५०० | ० | ५२५०० |
| ५ | श्री जनविकास नि.मा.वि. ताचै | ९० | ३०००० | | २२५०० | ० | ५२५०० |
| ६ | श्री डावल नि.मा.वि.डावल | ९१ | ३०००० | | २२५०० | ० | ५२५०० |
| ७ | श्री भ्राका प्रा.वि. भ्राका | ९२ | ३०००० | | २२५०० | ० | ५२५०० |
| ८ | श्री ध्यारु प्रा.वि ध्यारु | ९३ | ३०००० | | २२५०० | ० | ५२५०० |
| ९ | श्री टंकी प्रा.वि. टंकी मनाङ | ९४ | ३०००० | | २२५०० | ० | ५२५०० |
| १० | श्री लोकप्रिय उ.मा.वि. चामे | ९५ | ३०००० | ५७५०० | ३७५०० | ७५००० | २००००० |
| ११ | श्री दिनदयालु नि.मा.वि. थान्चोक | ९६ | ३०००० | | ३७५०० | ० | ६७५०० |
| १२ | श्री नार नि.मा.वि. नार | ९७ | ३०००० | | ० | ० | ३०००० |
| १३ | श्री सरस्वती प्रा.वि. ओडार | ९८ | ३०००० | | २२५०० | ० | ५२५०० |
| १४ | श्री मनसुरी नि.मा.वि. नाचै | ९९ | ३०००० | | २२५०० | ० | ५२५०० |
| १५ | श्री फु. प्रा.वि. फु. | १०० | ० | | २२५०० | ० | २२५०० |
| १६ | श्री भानु मा.वि. ताल | १०१ | ३०००० | ५७५०० | ३७५०० | ० | १२५००० |
| १७ | श्री पशुपति नि.मा.वि.ब्गरछाप | १०२ | ३०००० | | ३७५०० | ० | ६७५०० |
| १८ | श्री हि.म.ज्योति नि.मा.वि.तिल्चे | १०३ | ६०००० | | २२५०० | ० | ८२५०० |
| १९ | श्री विश्वशान्ति प्रा.वि. कोतो | १५६ | ३०००० | | २२५०० | ० | ५२५०० |
| २० | श्री धारापानी प्रा.वि. धारापानी | १६१ | ३०००० | | २२५०० | ० | ५२५०० |
| २१ | श्री हुम्डे नि.मा.वि. हुम्डे | १६७ | ३०००० | | २२५०० | ० | ५२५०० |
| २२ | श्री लालीगुरास प्रा.वि तलेखु | १७९ | ३०००० | | २२५०० | ० | ५२५०० |
| २३ | श्री अमर प्रा.वि. घेराङ | १८० | ३०००० | | २२५०० | ० | ५२५०० |
| २४ | श्री ज्ञानोदय प्रा.वि. दानाक्यु | २७८ | ३०००० | | २२५०० | ० | ५२५०० |
| २५ | श्री मर्स्याङदी प्रा.वि खोत्रो | २९७ | ६०००० | | २२५०० | ० | ८२५०० |
| २६ | श्री बालमन्दिर प्रा.वि. चामे | ३५० | ३०००० | | २०००० | ० | ५०००० |
| २७ | श्री गौरीशंकर नि.मा.वि.तिमाङ | ३९२ | ३०००० | | ३७५०० | ० | ६७५०० |
| | कुल जम्मा | | ८४०००० | २३०००० | ६८७५०० | ७५००० | १८३२५०० |

# विद्यालय सुशासनको आवश्यकता

विद्यालयद्वारा सम्पादन गरिएका काम तथा सेवा प्रवाहका विषयमा स्वामित्व वा अपनत्व ग्रहण, समन्याय, पारदर्शिता तथा जवाफदेहिता र कार्यदक्षता एवम् सक्षमता सुशासनका चार स्तम्भ हुन् भन्न सकिन्छ। विद्यालयलाई उत्कृष्ट प्राज्ञिक थलोको रूपमा विकास गरी पाठ्यक्रमले निर्दिष्ट गरेका विद्यार्थीको सिकाइ उपलब्धिको सुनिश्चितता गर्दै अधिकारमा आधारित शिक्षाको अवधारणा अनुरूप विद्यालय जाने उमेरका सबै बालवालिकाहरूमा गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चितता गर्न स्थानीय तहमा क्रियाशिल विद्यालयहरूमा सुशासनको आवश्यकता पर्दछ । विद्यालयमा सुशासनको आवश्यकतालाई तपसीलका बुँदाहरूबाट अझ स्पष्ट हुन सकिन्छ।

- विद्यमान नीतिगत, कानूनी र संरनात्मक व्यबस्था अनुरूप विद्यालय तहमा सहभागितामूलक, लोकतान्त्रिक तथा जिम्मेवारीपूर्ण व्यबस्थापनको निर्माण र कार्यान्वयन गर्न।
- प्रधानाध्यापकले सहजकर्ताको भूमिक निर्वाह गरी बालबालिका लगायत सबै सरोकारबालाहरूको सहभागितामा योजना, नीति नियम, आचारसंहिता बनाउन र सोको पालना तथा कार्यान्वयन गर्न।

**शिक्षक आत्म–मूल्यांकन सूची**

- ➢ के म योग्यताका दृष्टिले योग्य छु ?
- ➢ के मसँग आवश्यक व्यावसायिक तालिम छ ?
- ➢ के म मेरो विषयमा पोख्त छु ?
- ➢ के म पूर्णरूपमा तयार भएर कक्षामा जान्छु?
- ➢ के मेरो शिक्षण देखि विद्यार्थी सन्तुष्ट छन् ?
- ➢ के मलाई विद्यार्थीहरूले मन पराउछन् ?
- ➢ के मैले शिक्षण सामग्री पर्याप्त प्रयोग गर्छु ?

- विद्यार्थी सिकाइ उपलब्धी प्रति विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र विषय शिक्षकलाई जवाफदेही बनाउन।
- विद्यालयका योजना, आथिक, नीति नियम कार्यक्रमहरू सरोकारबालाहरूमा सूचना प्रवाह गर्न।
- विद्यालयको हरेक क्रियाकलापमा पारदर्शिता अपनाउन र सम्पूर्ण सरोकारबालाहरूलाई जवाफदेही बनाउन।
- जिल्ला शिक्षा कार्यालय,स्रोतकेन्द्र तथा अन्य शैक्षिक संघ संस्थासँग समन्वय गर्न।
- व्यबस्थापनबाट सबै शिक्षक कर्मचारी, विद्यार्थी तथा अभिभावकहरूलाई निष्पक्ष व्यवहार गर्न।
- विधिको शाशन चलाउने संस्कारको विकास गरी सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको वहन गर्ने वातावरण सिर्जना गर्न।
- स्रोत र साधनको पहिचान र सदुपयोग तथा प्रभावकारी ढंगले परिचालन गर्न र विद्यालयमा वित्तीय अनुशासन कायम राख्न।
- शिक्षक, विद्याथी विद्यालय व्यबस्थापन समिति र अभिभावक वीच सुमधुर सम्बन्ध कायम गर्न।
- विद्यालय शान्तिक्षेत्रको अवधारणालाई मुर्तरूप दिन।
- विद्यालयलाई बालमैत्री विद्यालय बनाउन।

- ➢ के म समयमान विद्यालय आउछु ?
- ➢ विद्यार्थीहरूलाई म कत्तिको चिन्छु ?
- ➢ कक्षा व्यबस्थापनलाई कति महत्व दिन्छु?
- ➢ के म पूर्व जानकारी गराएर विदामा बस्छु ?
- ➢ विद्यालय प्रशासनलाई मेरो सहयोग कस्तो छ ?
- ➢ अतिरिक्त कार्यकलापमा मेरो सहभागिता कस्तो छ ?
- ➢ पढाइप्रति विद्यार्थीको रुचि जगाउन सकेको छु?
- ➢ सूचना तथा सञ्चार प्रविधिको प्रयोग कत्तिको गर्छु ?

**माथिका प्रश्नहरूको समाधान गर्न सकेमामा शैक्षिक उपलब्धी हाँसिल गर्न सकिन्छ कि ?**

**सफलताका सूत्र**

- शिक्षकको टिमवर्क र मेहनत
- नियमित स्टाफ बैठक
- विद्यार्थी केन्द्रित शिक्षण
- प्रधानाध्यापकको कुशल नेतृत्व
- सक्षम व्यबस्थापन समिति
- अभिभावकसँग निरन्तर अन्तरक्रिया
- विद्यार्थीको निरन्तर मूल्यांकन
- अतिरिक्त कक्षा सञ्चालन

स्रोत: **शिक्षक,** पूर्णाक २८, वर्ष ३ भाद्र २०६७

**प्रेषक:**

**नेपाल सरकार**
**शिक्षा मन्त्रालय**
**शिक्षा विभाग**

**जिल्ला शिक्षा कार्यालय**
**मनाङ**

**प्रापक:**

**श्री** ______________________

______________________

______________________